bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता

asianpaints CERA

सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।

प्रो. श्याम मौरती
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
फोन:०६५-५६२६८७, ९८५६०६०३४७

ग्रिनरी भानु सप्लायर्स

वर्ष ४० अंक २८ | २०७८ जेठ ०२ गते आइतबार, नेपाल सम्वत् ११४१ May 16, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# गोर्खा वेल्फेयरद्वारा तनहुँका १४ वटा स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य सामाग्रि सहयोग

- कोभिड-१९ विरूद्धको अभियानमा हातेमालो गर्न नगरप्रमुख न्यौपानेको आव्हान
- तनहुँमा ५३० जना संक्रमित मध्ये ५८ जना निको भए, ११ जनाको मृत्यु
- २६ जनाको आइसोलेशनमा उपचार हुँदै, ४३६ जना होम आइसोलेशनमा
- व्यास र डिसिसियमसीले दमौलीमा सञ्चालनमा ल्याए एमबिबियस डक्टर, अक्सिजन सहितको ५० बेडको आइसोलेशन

**भञ्ज्याङ समाचारदाता**/दमौली

महामारिकै रूप लिएर दोश्रो लहरको कोरोना भाइरस संक्रमण समुदाय स्तरमै फैलिएको छ । यसरी संक्रमण फैलिदै गएपछि संक्रमितको उपचार तथा व्यवस्थापनमा आवश्यक पर्ने स्वास्थ्य सामाग्रिको अभाव हुन थालेको छ । कोभिड संक्रमितको उपचार तथा व्यवस्थापनमा आवश्यक पर्ने स्वास्थ्य सामाग्रि, अक्सिजन, एम्बुलेन्स, शव बहान जस्ता सामाग्रिको जोडजाडममा अहिले तनहुँका स्थानीय पालिकाहरू लागि परेका छन् । यी अत्यावश्यक सामाग्रिको व्यवस्थापनमा विभिन्न सामाजिक, सरकारी तथा गैर सरकारी संघ संस्था, वैदेशिक रोजगारीमा रहेका नेपाली युवाहरूले पनि हातेमालो गरी कोरोना संक्रमण रोकथाम तथा न्यूनिकरणको अभियानमा जुटेका छन् ।

यही अभियान अन्तरगत गोर्खा वेल्फेयर ट्रष्ट नेपाल अन्तरगत रहेको ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमको तर्फबाट दमौली अस्पताल र व्यास नगरपालिकालाई स्वास्थ्य सामाग्रि सहयोग गरेको छ । गोर्खा वेल्फेयरले दमौली अस्पतालको आइसोलेशनलाई ३ लाख ६७ हजार ९६० रूपैयाँ र नगरपालिकाले कृषि विकास बैंक दमौलीको पुरानो भवनमा सञ्चालन गरेको सामुदायिक आइसोलेशनलाई १ लाख ३३ हजार ६५१ रूपैयाँ गरी ५ लाख १ हजार ६११ रूपैयाँ बराबरको स्वास्थ्य सामाग्रि उपलब्ध गराएको ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमका निर्देशक दीपक कुमार श्रेष्ठले बताए ।



कोभिड-१९ संक्रमितको उपचार तथा व्यवस्थापनमा आवश्यक पर्ने स्वास्थ्य सामाग्रि व्यास नगरपालिकालाई हस्तान्तरण गर्दै गोर्खा वेल्फेयर ट्रष्ट नेपालका अधिकारीहरू ।
*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

वेल्फेयरले तनहुँको आँवुखैरेनी गाउँपालिका, घिरिङ गाउँपालिका, भिमाद, व्यास र शुक्लागण्डकी नगरपालिकाका ५ वटा स्वास्थ्य संस्था, ३ वटा आइसोलेशन, ४ वटा क्वारेन्टाइन, २ वटा सामुदायिक संस्था गरी १४ स्थानमा स्वास्थ्य सामाग्रि सहयोग गरेको ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमका कार्यक्रम निर्देशक श्रेष्ठले बताए।

उनले भने, 'गोर्खा वेल्फेयरले कोभिड-१९ संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि ४३ वटा जिल्लाका ९४ वटा पालिकाहरूमा रहेका करिब ४०० वटा स्वास्थ्य संस्थाहरूलाई करिब ३ करोड रूपैयाँ बराबरको स्वास्थ्य सामाग्रि उपलब्ध गराइसकेको छ र आगामि

*बाँकी तेश्रो पेजमा*

# घरदैलोमा पुगेर स्वास्थ्य अवस्था बुझ्दै संक्रमितलाई हौसला बढाउँदै देवघाटका गाउँपालिका अध्यक्ष थापा

**आशिक राना**/देवघाट

दोश्रो लहरको कोरोना भाइरस (कोभिड-१९)बाट तनहुँका ५३० जना संक्रमित भएका छन् । संक्रमित मध्ये ५८ जना निको भएका छन् भने ११ जनाको मृत्यु भएको छ। २६ जना संक्रमितहरूको अहिले जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र र दमौली अस्पतालको आइसोलेशनमा उपचार भइरहेको छ भने ४६१ जना संक्रमितहरू होम आइसोलेशनमा बसि स्वास्थ्य लाभ लिइरहेका छन् ।

स्वास्थ्यमा गम्भिर समस्या नदेखिएका संक्रमितहरू अहिले होम आइसोलेसनमा बस्दै आएका छन् । होमआइसोलेशनमा बसेकाहरूको स्वास्थ्य अवस्था र अन्य समस्याका विषयमा अहिले जिल्लाका १० वटै पालिकाले निगरानी तथा स्वास्थ्य अवस्था बुझ्ने संयन्त्र समेत बनाएका छन्।

तनहुँको देवघाट गाउँपालिले होम आइसोलेशनमा बसेका संक्रमितको स्वास्थ्य अवस्था र समस्याका विषय बुझ्न घरदैलो कार्यक्रम चलाउन थालेको छ ।



गाउँपालिकाका वडा नम्बर ५ मा कोरोना भाइरस संक्रमितहरूलाई स्वास्थ्य सामग्रीसंगै स्वास्थ्य अवस्था बुझ्न गाउँपालिका अध्यक्ष दुर्ग बहादुर थापा सहितको टोली घरदैलो अभियानमा खट्टिएको छ।

देवघाट-५ का वडाध्यक्ष याल बहादुर गुरूङ, वडा सदस्य भोजराज नैनावस्ति, गाउँपालिकाका स्वस्थ्य प्रमुख प्रदीप बुढाथोकी, देवघाट ईलाका प्रहरी इन्चार्ज सुशील लामिछाने सहितको टोली संक्रमितको घरदैलोमा पुगेको छ।

कोभिड-१९ संक्रमित ब्याक्तिहरूलाई स्वास्थ्य मापदण्ड अपनाएर स्वास्थ्य सामाग्रीसंगै स्वास्थ्य अवस्था बारे जानकारी लिई संक्रमित ब्याक्तिहरूलाई स्वास्थ्यको कामना सहित हौसला प्रदान गरिएको गाउँपालिका अध्यक्ष दुर्ग बहादुर थापाले बताए ।

विश्व महामारीको रूपमा फैलिएको कोरोना भाइरसबाट देवघाट बासीलाई सुरक्षित राख्न विभिन्न प्रवेश नाकाहरूमा अनावश्यक रूपमा आवतजावत गर्ने मानिसहरूलाई निगरानीमा राखी थप सुरक्षामा कडाइ गरेको अध्यक्ष थापाले बताए ।

देवघाट-५ का वडाध्यक्ष याल बहादुर गुरूङले गाउँपालिकाको ५ नं. वडा धार्मिक पर्यटकीय स्थल भएकाले यहाँ तिर्थालुहरू

*बाँकी अन्तिम पेजमा*

# म्याग्देले कोभिड अस्पतालमा चिकित्सक नियुक्त गर्ने

## सात वटै वडामा आइसोलेशन स्थापनाको तयारी

**भञ्ज्याङ समाचारदाता**/म्याग्दे

तनहुँको म्याग्दे गाउँपालिकाले जामुनेस्थित कोभिड अस्पतालमा चिकित्सक नियुक्ति गर्ने भएको छ। गाउँपालिकाको शनिबार सम्पन्न ११०औ कार्यपालिकाको बैठकले जामुने कोभिड अस्पतालका लागि तत्काल एक जना चिकित्सक नियुक्ति गर्ने निर्णय गरेको हो ।

कोभिड संक्रमण बढ्दै गएपछि अस्पताल सञ्चालनका लागि गाउँपालिकाले चिकित्सक परिचालन गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए । तत्कालको आवश्यकतालाई ध्यानमा राखेर तीनदिनभित्र दुई महिनाको लागि चिकित्सक करारमा नियुक्ति गर्ने निर्णय भएको उनले बताए ।

कोभिड अस्पतालमा हाल पाँच शैय्या रहेको र यसलाई बढाएर दश शैय्या बनाउने तयारी गरिएको छ । कोभिड अस्पतालका लागि अक्सिजनको व्यवस्थापन भइसकेको र थप अक्सिजन जुटाउने प्रयास गरिएको गाउँपालिकाले जनाएको छ।

कोभिड अस्पतालमा गाउँपालिकाले केही महिना पहिला चिकित्सक नियुक्ति गरेपनि उक्त चिकित्सकले छोडिदिएपछि अस्पताल चिकित्सक विहीन छ । गाउँपालिकाले कोभिड अस्पतालमा प्रयोगशाला समेत शुभारम्भ गरेको थियो । गाउँपालिकाले घरमा बस्न नमिल्नेका लागि सात वटै वडामा आइसोलेशन स्थापना गर्ने निर्णय गरेको छ । आइसोलेशन केन्द्रमा बत्ती र पानीको व्यवस्थापन गाउँपालिकाले गर्नेछ भने बाँकी स्वयं व्यक्तिमार्फत् नै गराउने निर्णय भएको छ ।



वडा नं. १ स्थित महेन्द्र मावि गुणादी, कुल ज्योति आवि बाखे, विजय आधारभूत विद्यालय मानुङ, थानीदेवी प्रावि बच्र्याङमा आइसोलेशन बनाइनेछ । वडा नं. २ स्थित उमादेवी प्रावि, ऋषिथुम आवि, राधा मावि, वडा नं. ३ स्थित जनगणपति मावि, रविचन्द्र प्रावि, वडा नं ४ स्थित मिन मावि, गणेश मावि, जनप्रकाश आवि, वडा नं ५ स्थित जनशक्ति प्रावि, हिरामणि प्रावि, पञ्चकन्या प्रावि, बोटेनी सामुदायिक भवन, वडा नं ६ स्थित अकला आवि, अकला सामुदायिक सिकाई केन्द्र र वडा नं ७ स्थित मिलीजुली प्रावि, सरस्वती आवि, देवी दलित सामुदायिक भवनमा आइसोलेशन केन्द्र बनाउने गाउँपालिकाले तयारी गरेको छ ।

गाउँपालिकाकी अध्यक्ष मायादेवी रानाको अध्यक्षतामा बसेको बैठकले कोरोना जोखिम बढेपछि गाउँपालिकाले पिसिआर परीक्षणको

*बाँकी अन्तिम पेजमा*

# पत्रकार कल्याणकारी कोष स्थापना गरिने

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाल पत्रकार महासंघ तनहुँ शाखाले पत्रकार कल्याणकारी कोष स्थापना गर्ने भएको छ । पत्रकार महासंघ तनहुँका अध्यक्ष उज्जल पौडेलको अध्यक्षतामा शनिबार बसेको भर्चुअल बैठकले उक्त कल्याणकारी कोष स्थापना गर्ने निर्णय गरेको हो ।

कल्याणकारी कोष स्थापनाका लागि पत्रकारहरूबाट आर्थिक संकलन, शुभेक्ष्छुक, सहयोगी संस्था र व्यक्तिबाट संकलन भएको रकमले कल्याणकारी कोष स्थापना गर्ने पत्रकार महासंघ तनहुँका सचिव प्रताप रानाले बताए ।

बैठकले क्रियाशिल पत्रकारहरूको दुर्घटना बीमाका लागि आर्थिक सहयोग गर्ने व्यास नगरपालिकालाई धन्यवाद ज्ञापन गरेको छ । कोभिड-१९ को दोस्रो लहर दिनप्रतिदिन संक्रमण फैलिएकाले स्वास्थ्य सावधानी अपनाई पेशागत कर्तव्य निर्वाह गरिदिन पत्रकारहरूलाई महासंघले अनुरोध समेत गरेको छ ।

# बालबालिकाका लागि जरुरी केही कुरा

अहिले अधिकांश बालबच्चा आफ्ना आमाबुवासँगै छन् । उनीहरूको नियमित पढाई छुटेको छ । घरबाहिर हिँडडुल गर्ने, घुम्ने, खेल्ने अनुकुलता छैन । यस्तो अवस्थामा उनीहरूको लागि अभिभावक नै शिक्षक र घर नै विद्यालय हुनसक्छ। अभिभावक र आफ्नो घरबाट उनीहरू जीवनोपयोगी कुराहरू आर्जन गर्न सक्छन्।

**परिस्थितीसँग जुध्न**

सधैभरी खुशी हुनु जत्तिको राम्रो अरू के होला ? तर कहिले काहीँ जीवनमा यस्ता परिस्थितिहरू पनि आइदिन्छन्, जसलाई हामीले चाहेर नर्काेन सक्दैनौ ।



बालबालिकालाई सानै उमेरदेखि यस्ता परिस्थितिको सामना गर्न सिकाएर तथा यस्ता परिस्थितिमा कसरी आफूलाई प्रस्तुत गर्ने भन्ने सिकाएर पनि यो परिस्थितिबाट बाहिर निकाल्न सकिन्छ । जसले गर्दा उनीहरू जवीनभर खुशी र सुखी रहन सक्दछन् ।

**पुनःप्रयोग र जतन गर्न**

विभिन्न सामानको पुर्नप्रयोग गरे पनि हामी पर्यावरणलाई स्वस्थ राख्न मद्दत गर्छौं । यसबाहेक, पुनःप्रयोगले बालबालिकालाई सिर्जनात्मक हुन तथा साइकोमोट्रिसिटी हुन सिकाउँछ । उनीहरूलाई यसले ज्ञान दिन्छ, आफ्नो कला कौशलतालाई लागु गर्न लाखौ रूपैयाँ खर्चनु पर्दैन । यही कुरालाई मध्यनजर गरेर स्पेनका स्कुलहरुमा पुनःप्रयोगलाई विशेष महत्व दिइने गरिन्छ।

**खाना पकाउन**

खाना पकाउदा बालबालिकालाई समावेश गरेर हामी आफू र बच्चाबीच सुमधुर सम्बन्ध कायम गर्न सक्दछौ । विशेषगरी, जब उनीहरूलाई खाना तयार पार्दा सँगै राख्छौ, तब उनीहरूलाई खानाको महत्वबारे थाहा हुन्छ र उनीहरू जंकफुडको सेवन कम गर्छन् । त्यसैले खाना पकाउँदा प्रत्येक खानाको महत्वबारे उनीहरूलाई बताउनोस् ।

**पैसाको वचत**

जति जति मानिस ठूलो हुँदै जान्छ, उनीहरूमा आर्थिक जिम्मेवारी पनि बढ्न थाल्छ । त्यस्तो अवस्थामा हामीले रकमको व्यवस्थापन सही तरीकाले नगर्ने हो भने ठूलो संकट आउन सक्छ । त्यसैले, बच्चाहरूलाई सानो बेलादेखि नै पैसाको महत्वबारे बुझाउनु र पैसाको वचत गर्न सिकाउनु प्रत्येक अभिभावकको कर्तव्य हो ।

**माटोमा रमाउन**

हामी धेरैजसो माटोबाट बच्चालाई संक्रमण हुन सक्छ भन्ने मान्छौं । यसैले हामी आफ्नो बच्चालाई माटोमा खेल्न दिँदैनौं । तर, माटोमा संक्रमण फैलाउने मात्रै होइन स्वास्थ्य मैत्री ब्याक्टेरिया पनि हुन्छन जसले बच्चालाई मानसिक र शारीरिक फाइदा पुर्याउँछ । स्वास्थ्य मैत्री ब्याक्टेरियाको कारण माटोमा खेलेका बच्चा बलिया हुन्छन्। बच्चामा रचनात्मकता बढाउनको लागि माटो र खुला वातावरणमा खेल्न दिनुपर्छ। यसले बच्चाको शरीर त मजबुत हुन्छ साथै उनीहरूलाई केही अलग र रचनात्मक काम गर्ने शक्ति पनि बढ्छ ।

**नाचगान**

कार्लस्टाड विश्वविद्यालयले गरेको एक अध्ययन अनुसार नाचगानले हाइपर एक्टिभ बालबालिकाको प्रदर्शनमा निकै सुधार ल्याउँछ । नाचगानले उनीहरूलाई आफ्नो शरीरद्वारा कुनै पनि कुरालाई राम्ररी व्यक्त गर्न मद्दत गर्छ भने संगीतले उनीहरूलाई सिर्जनात्मक हुन, सामाजिक हुन तथा आत्मबल बढाउँछ । नाचगानले बच्चहरूलाई विभिन्न कला संस्कृतिबारे अवगत हुन तथा फराकिलो विचारधारा कायम राख्न सहयोग पुर्याउँछ । एजेन्शी

# यस्तो विशेष स्कुल : एउटी आमाको सपना



कविता शर्मा

मेरो छोरा आफ्नै रोजाइको विद्यालय पढिरहेको थियो । समय निकालेर एकदिन बिहाने उसको विद्यालय पुगेँ । आहा ! कस्तो रमाइलो । उसले पढ्ने एउटै कक्षा कोठामा शारीरिक अपाङ्गता भएका दृष्टिविहीन, कान सुन्न र बोल्न नसक्ने सबै खाले बालबालिकाले आफ्नै परिवेशमा पढ्न पाएका थिए । कक्षा कोठामा शिक्षिकले कसैलाई सांकेतिक भाषामा कम देख्नेलाई कक्षाको अघिल्लो सिटमा राख्नुभएको थियो । सुनाइमा समस्या भएकाले कानमा सुन्ने मेसिन लगाएका थिए । ह्विल चियर प्रयोग गर्ने विद्यार्थीका लागि कक्षा कोठासम्म जाने भऱ्याङ्मा ठूलो ढोका भएको, शौचालय जानका लागि कुनै समस्या नभएको भित्रसम्म ह्विल चियर जाने कस्तो व्यवस्थित! कसैलाई लौ न सहयोग गर भनेर हारगुहार गर्ने नपर्ने । प्रत्येक कक्षा कोठामा अब के हुन्छ, अबको कक्षा कसको हो प्रष्ट बुझ्न सक्ने गरी पटक पटक भनिरहनुभएको थियो । त्यसमा पनि साथीहरूले पाइला-पाइलामा सहयोग गरिरहने न त ब्रेल किताबको अभाव न त स्लेट स्टाटसको समस्या, न त भौतिक संरचनामा पुग्न नै समस्या ।

यता अर्को भवनमा बौद्धिक अपाङ्गता भएकाहरूका लागि के गर्न सक्छन्, कसरी यिनीहरूको दैनिक जीवनयापनमा सजिलो होस् भनेर व्यावसायिक कक्षाको व्यवस्था गरिएको थियो । त्यसमा बालबालिकासँगै अभिभावकलाई पनि आहा कस्तो राम्रो व्यवस्था गरेको राज्यले, साँच्चै समावेशी शिक्षाको अवधारणा अनुरूप व्यवस्था गरेको । राज्यले साँच्चै बुझेको रहेछ, जसरी नै बालबालिका एकअर्कामा फरक फरक हुन्छन् तिनमा फरकपन शारीरिक, मानसिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि रूपमा अभिव्यक्त भएको हुन्छ । हुन पनि राज्य आफैले सबै बालबालिकालाई शिक्षाको पहुँच सुनिश्चित हुने घोषणा रहेको छ नि । सबै बालबालिकाको पंक्तिमा केटाकेटी, साङ्-अपाङ्, धनी-गरिब, छिटो सिक्ने- ढिलो सिक्ने लगायत सबै पर्छन् भन्ने कुरा राज्य र समाजले बुझेको छ। अपाङ्गता भएका बालबालिकाहरूका आफ्नै किसिमका सक्षमता तथा सीमितता हुन्छन् भन्ने पनि बुझेको छ ।

नेपालको संविधान २०७२ लगायत राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा भएका घोषणाहरूबाट शिक्षालाई बालबालिकाको मौलिक हकका रूपमा स्थापित गरेको कुरा कस्तो ठ्याक्कै व्यवस्थित पाइएको । हाम्रो देश बहुसांस्कृतिक, बहुभाषिक बहुजातीय भौगोलिक विविधता रहेको मुलुक हो । सबै किसिमको फरकपनलाई सम्बोधन, सम्मान एवं आत्मबोध गरी सोही अनुसारका कार्यक्रमको छनोट एवं कार्यान्वयनको व्यवस्था मिलाउन नसकेसम्म शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सकिँदैन। त्यसैले प्रत्येक विद्यालय समुदायलाई सबै किसिमका बालबालिकाहरूका आवश्यकतालाई स्वीकार एवं सम्मान गर्न कार्यमा जिम्मेवार बनाउनका लागि समावेशी शिक्षा पद्धतिलाई एक प्रमुख मार्गदर्शन एवं रणनीतिका रूपमा लिइएको हो भन्ने कुरा राज्यले बुझेको छ ।

मेरो राज्यले कस्तो राम्रो व्यवस्था गरेको। समावेशी शिक्षाको विषयमा शिक्षा मन्त्रालयले सरोकारवालाहरूको सहभागितामा २०५९ सालमा नेपालको सन्दर्भमा समावेशी शिक्षालाई परिभाषित गरेको छ, त्यसलाई पनि अक्षरश पालना गरेको । राज्य त सबैको मेरोजस्तो होस्, समावेशी शिक्षा भन्नाले सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्ने, आफ्नै समुदायमा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया हो भन्ने बुझेको छ। यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्त्व दिँदै बालबालिकाको आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्छन् भन्ने मान्यतामा विश्वास गर्छ।

समाहित शिक्षा पद्धतिले राष्ट्रिय एवं स्थानीय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका एवं विद्यालयमा रहेर पनि आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा परेका बालबालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्ने बाल केन्द्रित शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गर्न प्रोत्साहन गर्छ भन्ने कुरा मेरो राज्य व्यवस्थाले बुझेको छ । समावेशी शिक्षासम्बन्धी केही मान्यता छन् । ती मान्यता पनि कार्यान्वयनमा ल्याएको छ ।

- सबै बालबालिकाको आफ्नै समुदायमा शिक्षा पाउने अधिकारको स्वीकृति ।
- सबै बालबालिकाले सिक्न सक्छन् भन्ने धारणा र विश्वास ।
- सामुदायिक/स्थानीयको संलग्नता र स्वामित्व ।
- सबै बालबालिकाको गुणात्मक शिक्षामा समतामूलक पहुँच ।
- अवसरको समानीकरण र समता ।
- बालबालिकामा भएको विभिन्नताको (लिङ्ग, जात, जाति, भाषा, अपाङ्गता, आदि) सम्मान
- सबै किसिमका बालबालिकाको आवश्यकता सम्बोधन गर्ने शैक्षिक संरचना, प्रणाली र विधिको सुनिश्चितता।

'लगातार परिमार्जन भइरहने गतिशील प्रक्रिया' मेरो देशको शिक्षा मन्त्रालयले यसै भनेको त होइन । मेरो देशको कानुन जसलाई मैले पूजा गर्छु, सबै कुरा कानुनको अधीनमा रहेर गर्छु । यही कानुनले आज अपाङ्गता भएकालाई अधिकार दिएको छ । हुन त समावेशी शिक्षाका बारेमा नेपालको संविधान-२०७२ मा पनि कम व्यवस्था कहाँ छ र ! जहाँ भनिएको छ :

- नेपालको संविधान-२०७२ को धारा ३१(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- धारा ३१(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- धारा ३१(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- धारा ३१(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ
- धारा ३९ बाल अधिकारअन्तर्गत असहाय, अनाथ, अपाङ्गता भएका द्वन्द्वपीडित विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- धारा ४२(३) अपाङ्गता भएका नागरिकहरूलाई विविधताको पहिचानसहित मर्यादा र आत्म सम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

यसरी संविधानमा लेखेपछि नपाउने कुरा कहाँ हुन्छ र ? बौद्धिक अपाङ्गता भएको आफ्नो छोराले व्यावसायिक तालिम लिँदै गर्दा सँगै बसेकी आमाको अनुहारको खुसीको कुनै सीमा थिएन । कान सुन्न र बोल्न नसक्ने छोरीलाई घर नजिकैको स्कुलमा पढाउन पठाएकोमा दङ्ग थिइन् । ह्विलचियर लिएर विद्यालयमा जाँदै गरेको आफ्नो सन्तानलाई बाइ गर्दै गरेकी आमाको बच्चा अपाङ्गता भयो भन्नेमा कुनै गुनासो थिएन । सबै सेवा सुविधा अरु सरह छ, भन्नेमा म ढुक्क छु । अहा मेरो देश, म यही देशकी नागरिक भएकोमा यति खुसी थिएँ । यत्तिकैमा छोराले भन्यो, 'मम्मी यता फर्काइदिनुस्, म यता फर्किन्छु,' म झसङ्ग भएँ । हिजो छोरालाई शौचालय लैजाँदा थचक्कै भएर पछाडिको भाग दुखेर हैरान थिए । मज्जाले पट्का बाँधेर तेलले मसाज गरी नदुख्ने औषधि खाएर सुतेकी थिएँ म । यी सबै कुरा त सपना पो देखिएकी रहेछु । फेरि त्यही दैनिकी अब छोरालाई कसरी विद्यालय पठाउने ? विद्यालयको संरचना अपाङ्गता मैत्री छैन, उमेर बढ्दो छ । कसरी शौचालयसम्म आफै जान सक्ने होला । मजस्ता धेरै आमाको समस्या हो यो । सोचेँ, मैले देखेको सपना विपनामा भए कति सहज हुने थियो ! सा. रातोपाटी डटकम *(शर्मा अपाङ्गता भएका बच्चाकी विशेष आमा हुन्)*



इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-8, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल | : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार | - ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ ।

**सिंह** (मा,मी,मु,मे,मो,टा,टी,टु,टे) विभिन्न अवसरले पछ्याउनेछन्। साँझतिर लेखन तथा सिर्जनात्मक काममा रुचि बढ्नेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भे) अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,वे,वो) विशेष अवसर प्राप्त हुने समय छ। महत्वाकांक्षी योजना पनि बिस्तारै फलदायी हुनेछन् ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो) प्रयत्न गर्दा विशेष जिम्मेवारी पनि प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी) मिहिनेतले दाम, इनाम र प्रतिष्ठा दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा) अरुका लागि अलमलिनुपर्नेछ । सम्भावना देखिए पनि ठूलो उपलब्धि प्राप्त नहुन सक्छ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते) घुमफिर तथा मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सू,से,सो,दा) मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । साँझदेखि स्थितिमा सुधार आउनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) उपलब्धिका लागि बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउन सक्छ ।

**वृश्चिक** (तो,ना,नी,नु,ने,नो,या,यी,यू) साँझदेखि पठनपाठनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची) बिनाकारण आफन्तजन टाढिन सक्छन् । अरुका लागि श्रम तथा बुद्धि खर्चनुपर्ला ।

# गोर्खा वेल्फेयरद्वारा तनहुँका .....

दिनमा पनि यो सहयोग जारी राख्ने हाम्रो तयारी छ ।'

उक्त संस्थाले उपलब्ध गराएको पिपिई, एन९५ मास्क, सर्जिकल मास्क, पञ्जा, फेसशिल्ड, स्यानीटाइजर, स्यानीटाइज, मेकिडल गाउन, थर्मल गन, गमबुट, हाइजिन किट, सेफ्टी ज्याकेट लगायतका सामाग्रि बुझ्दै व्यास नगरपालिकाका नगरप्रमुख बैकुण्ठ न्यौपानेले कोरोना भाइरस विरूद्धको लडाईमा सबैलाई हातेमालो गरी अगाडि बढ्न आव्हान गरेका छन् । संक्रमितहरूलाई सहज रूपमा उपचार सेवा प्रदान गर्ने तयारीमा नगरपालिका लागि परेको बताउँदै नगरप्रमुख न्यौपानेले यसका लागि विभिन्न सामाजिक संघसंस्था, व्यक्ति तथा अन्य सरोकारवालाहरूलाई हातेमालो गरी कोरोना विरूद्धको अभियानमा जुट्न अनुरोध गरेका हुन् ।

यस्तै, व्यास नगरपालिका र जिल्ला कोभिड–१९ संकट व्यवस्थापन केन्द्रले दमौलीमा ५० बेड क्षेमताको आइसोलेशन तयार गरेको छ । उक्त आइसोलेसनमा एमबिबिएस डक्टर सहितको स्वास्थ्यकर्मी र २५ थान अक्सिजन सिलिन्डरको समेत व्यवस्थापन गरिएको नगरप्रमुख न्यौपानेले बताए ।



'नगरपालिकाले गम्भिर प्रकृतिका संक्रमितलाई अन्य अस्पतालहरूमा पठाउने र सामान्य अवस्थाका संक्रमितलाई सोही आइसोलेशनमा राखेर उपचार गर्ने तयारी गरेका छौं', नगरप्रमुख न्यौपानले भने, 'सामुदायिक आइसोलेशनमा विशेष गरी विपन्न समुदाय तथा विभिन्न समस्यामा परी सहज रूपमा उपचार सेवा प्राप्त गर्न नसकेका नागरिकलाई लक्षित गरी सेवा प्रवाह गर्ने हाम्रो योजना रहेको छ ।'

स्वास्थ्य कार्यालय तनहुँको पछिल्लो तथ्याङ्क अनुसार जिल्लामा वैशाख महिना यता ५३० जनामा संक्रमण पुष्टि भएकोमा ५८ जना निको भएका छन् भने ११ जनाको मृत्यु भएको छ । संक्रमितहरू मध्ये २६ जनालाई आइसोलेशनमा राखेर उपचार गरिएको छ भने ४३६ जना होम आइसोलेशनमा बस्दै आएका छन्। यस्तै, तनहुँको १० वटै पालिकामा गरी १२१ बेडको ११ वटा कोभिड–१९ अस्पताल सञ्चालनमा ल्याइएको छ । ३ वटा आइसियु, ४ वडा भेन्टिलेटर र २४३ अक्सिजन सिलिन्डर, २९ वटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याबः–** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :–** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, दमौली तनहुँ। फोन : ०६५–५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# भारतमा कोभिड-१९ बाट संक्रमित र मृत्युमा केही कमी

रासस/सिन्ह्वा/नयाँ दिल्ली

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट संकटमा परेको भारतमा विगत २४ घण्टामा तीन लाख २६ हजार नयाँ संक्रमित भेटिएका छन् । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा थप तीन हजार ८९० जनाको मृत्यु भएको छ । भारतमा हालसम्म कोभिड–१९ बाट मृत्यु भएकाको संख्या दुई लाख ६६ हजार २०७ पुगेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार कोभिड–१९ संक्रमितको कूल संख्या दुई करोड ४३ लाख ७२ हजार पुगेको छ जसमध्ये दुई करोड चार लाख ३२ हजार व्यक्ति संक्रमणमुक्त भएका छन् ।

भारतमा हाल ३६ लाख ७३ हजार व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन् । भारतमा गत जनवरीमा कोभिड–१९ विरूद्धको खोप लगाउन शुरू गरेको थियो । हालसम्म १८ करोड व्यक्तिलाई खोप दिइएको मन्त्रालयले जनाएको छ । गत मे १ देखि भारत सरकारले १८ वर्षभन्दा माथिको उमेरका सबै व्यक्तिलाई खोप दिने योजना अघि सारे पनि पर्याप्त खोप उपलब्ध नहुँदा सहज रूपमा खोप अभियान अघि बढ्न सकेको छैन ।

भारतमा संक्रमित व्यक्तिको संख्या दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन गर्न अस्वीकार गरेको छ । तर संक्रमित अत्यधिक देखिएका दिल्ली, मुम्बई समेतका शहरमा राज्य सरकारले लकडाउन, प्रतिबन्ध, कफ्र्यु लगाएका छन् । हाल, कोभिडको ठूलै सङ्कट सामना गरिरहेको भारतमा हाल अक्सिजनको आपूर्ति समेतका अत्यावश्यक औषधि र अन्य स्वास्थ्य सेवाको चरम अभाव भएको छ ।




'विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर'

## व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमौली तनहुँ । गण्डकी प्रदेश

### नगर लोककल्याणकारी सन्देश

व्यास नगरपालिकाको कोभिड–१९ नियन्त्रण सम्बन्धी समिक्षा बैठक आज मिति २०७८/०२/०१ गते नगर प्रमुख श्री बैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त बैठकमा उप–प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा नं १, २, ३, ४, ५, ११, १३ का वडाध्यक्ष, शिक्षा, स्वास्थ्य, प्रशासन प्रमुख, चिकित्सक समेतको उपस्थिति रहेको थियो ।

बैठकमा संक्रमितहरूलाई कृषि विकास बैंकमा राखिने सामुदायीक आइसोलेसन केन्द्रको तयारी पूर्ण भएको, संक्रमितको उपचारका लागि आवश्यक औषधि खरिद गर्ने, संक्रमितको उपचारको क्रममा आउने फोहोर व्यवस्थापन, PCR को दायरा बढाउने र संक्रमित विपन्न र मजदुरको उपचारमा सहयोग पुऱ्याउने विषयमा छलफल गरी आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।

साथै २०७८/०१/२६ गते सोमबार ८३ जनाको स्वाव संकलन गरिएकोमा गण्डकी प्रदेश प्रयोगशालाको प्रतिवेदन अनुसार वडा नं १ का १२ जना, वडा नं २ का ७ जना, वडा नं ३ का ५ जना, वडा नं ४ को १ जना, वडा नं ८ घर भई हाल वडा नं ५ बस्ने १ जना, वडा नं १० को ७ जना, वडा नं १२ को ५ जना, वडा नं १३ को १ जना समेत जम्मा ३९ जना संक्रमित रहनुभएको जानकारी प्राप्त भएको छ । संक्रमितहरूको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै सम्बन्धित वडाका संक्रमितहरूलाई आवश्यक स्वास्थ्य निगरानि गर्नका लागि फोकल स्वास्थ्यकर्मिलाई निर्देशन दिइयो ।

आजै गोर्खा वेल्फेयर ट्रष्ट, पोखराका निर्देशकको तर्फबाट श्री दिपक श्रेष्ठको टिमले व्यास नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने लाई रू. १,३८,०००।– (एक लाख अठतिस हजार) बराबरको स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको थियो । स्वास्थ्य सामाग्री हस्तान्तरण कार्यक्रममा उप–प्रमुख श्री मीरा जोशी, प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लिराम सिग्देल, नगरपालिकाका प्रवक्ता श्री मोहन कुमार श्रेष्ठ, स्वास्थ्य शाखा प्रमुख श्री प्रमोद सोती, तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष श्री पविन्द्र कुमार श्रेष्ठ, दमौली बजार इकाई अध्यक्ष श्री भुपाल आले लगायत संचारकर्मी समेतको उपस्थिति रहेको थियो । सो अवसरमा नगर प्रमुखले गोर्खा वेल्फेयर ट्रष्टका टिमलाई नगरपालिकाको तर्फबाट सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७८ जेठ ०२, आइतबार
May 16, 2021

## संक्रमित बढेपछि तनहुँमा १५ दिन निषेधाज्ञा लम्बियो

# मापदण्ड पुगेका नीजि अस्पताललाई आइसोलेशन सेन्टर सञ्चालन गर्न दिइने

भञ्ज्याङ समाचारदाता/दमौली

दोस्रो लहरको कोरोना भाइरस संक्रमण समुदायस्तरमै उच्च दरमा फैलन थालेपछि तनहुँमा गत वैशाख २२ गते राति १२ बजेदेखि निषेधाज्ञा जारी छ । जिल्ला प्रशासन कार्यालयले संक्रमण समुदायस्तरमै फैलिएको हुँदा संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै थप १५ दिन निषेधाज्ञा जारी गरेको छ । जिल्ला कोभिड–१९ संकट व्यवस्थापन केन्द्रको शुक्रबार बसेको बैठकले पुनः १५ दिन निषेधाज्ञा थप्न जिल्ला प्रशासन कार्यालय तनहुँलाई सिफारिस गरेको थियो । केन्द्रले आयोजना गरेको सर्वपक्ष बैठकबाट भएको सिफारिसलाई कार्यान्वयन गर्दै निषेधाज्ञा जारी गरिएको प्रमुख जिल्ला अधिकारी सागर आचार्यले जानकारी गराए।

जिल्लामा कोरोना भाइरस संक्रमण जोखिम झनझन् बढ्दै गएको र संक्रमण फैलने सम्भावना उच्च रहेको भन्दै जिल्लाबासीलाई सुरक्षित रूपमा घरमै बस्न बैठकले आग्रह गरेको छ ।

यस्तै, बैठकले जिल्लामा एउटा पनि शववाहन नभएको हुँदा व्यवसायिक क्षेत्रबाट हुन सक्ने सामाजिक उत्तरदायित्व वहन गर्न तनहुँको सेरास्थित सुर्य नेपाल लिमिटेडलाई एक थान शववाहन उपलब्ध गराइदिन अनुरोध गर्ने निर्णय गरेको छ । बैठकले सो शववाहन जी.पी. कोइराला राष्ट्रिय



श्वास प्रश्वास उपचार केन्द्रमा रहि सञ्चालन हुने गरी दमौली अस्पताललाई उपलब्ध गराउन बैठकले अनुरोध गरेको छ ।

केन्द्रको बैठकले सम्बन्धित निकायमा दर्ता भई स्थानीय तहबाट अनुमति लिई सञ्चालनमा रहेका निजी क्षेत्रका अस्पतालहरूले आइसोलेशन सेन्टर सञ्चालन गर्न चाहेमा अस्पताल तथा स्वास्थ्य संस्थाले "कोभिड–१९ संक्रमितहरूको आइसोलेशन सम्बन्धी स्वास्थ्य मापदण्ड २०७७" अनुसारको मापदण्ड पुरा गरी अनुमति लिन आएमा स्वीकृति दिने निर्णय गरेको छ ।

अनुमति माग्न आएका संस्थाहरूको अनुगमन गरी सिफारिस गर्नका लागि जी.पी कोइराला श्वास प्रश्वास उपचार केन्द्रका निर्देशक डा. राम कुमार श्रेष्ठको संयोजकत्वमा समिति गठन गरिएको छ । समितिको सदस्यहरूमा दमौली अस्पतालका प्रमुख डा. सुनिल पौड्याल, जिल्ला आयुर्वेद तनहुँका प्रमुख डा. रामप्रमोद मण्डल र सदस्य सचिवमा स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारी छन ।

यस्तै, बैठकले प्रत्येक स्थानीय तहलाई अत्यावश्यक स्वास्थ्य सामग्रीको तत्काल व्यवस्था मिलाउनेतर्फ काम अगाडी बढाउन आग्रह गरेको छ । सार्वजनिक विकास निर्माणका कार्य र सेवाहरूमा पर्याप्त स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा नभएको अनुगमन गर्दा देखिएमा तत्काल बन्द गर्ने एवं जिम्मेवार व्यक्तिलाई कानुन अनुसार कारवाही गर्न स्थानीय तह लगायतबाट सम्बन्धित निकायमा सिफारिस गर्न भनिएको छ।

बैठकले आईसोलेशन सेन्टरमा राखिने संक्रमितहरूलाई बिहान बेलुकाको खाना र खाजा समेतको खर्चको लागि बढीमा प्रतिदिन ५०० रूपैया खर्च गर्न पाउने खर्चको मापदण्ड स्वीकृत गरेको छ ।

## घरदैलोमा पुगेर स्वास्थ्य .......

आवतजावत हुने सम्भावित प्रवेश मुख्य नाकाहरूमा सुरक्षा व्यवस्थालाई कडाई गरिएको बताए। पालिका स्थित स्वास्थ्य शाखाले पिसिआर गर्न आवश्यक नागरिकहरूको स्वाव संकलन गर्ने र पिसिआर परिक्षणको नतिजा लिने गरेको वडाध्यक्ष गुरूङले बताए । गाउँपालिकामा हाल १३ जना कोरोना संक्रमित रहेका छन्। शुक्रबार प्राप्त रिर्पोटमा ५ महिला ७ पुरूष गरि १२ जना संक्रमित थपिएका थिए । केही दिन अघि ४७ जनाको स्वाव संकलन गरी परिक्षणका लागि पोखरा पठाईएको थियो । परिक्षणमा यस अघि संक्रमित भएका १ जनाको पनि रिर्पोट पुनः पोजेटिभ आएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रदीप बुढाथोकीले बताए ।

संक्रमित मध्ये वडा नम्बर ५ का १० जना, वडा नम्बर १ र २ का एक/एक जना रहेका छन् । संक्रमित सबै होम आइसोलेसनमा रहेको र स्वास्थ्य अवस्था सामान्य रहेको स्वास्थ्य शाखा प्रमुख बुढाथोकीले बताए ।

## म्याग्देले कोभिड .....

दायरा थप वृद्धि गर्ने निर्णय गरेको छ। निषेधाज्ञाको पालना गर्दै घरमै बस्न गाउँपालिकावासीलाई अध्यक्ष रानाले आग्रह गरेकी छन्। यस्तै, निषेधाज्ञाको अवधिमा गाउँपालिकाले नागरिकको आवश्यकता र माग अनुसार हप्तामा तीन दिन दैनिक तीन घण्टामात्रै कार्यालय खोल्ने निर्णय गरेको छ। सीमित कर्मचारी आलोपालो गरी स्वास्थ्यको मापदण्ड पूर्ण पालना गराई सरकारी कारोवारको भुक्तानी तथा नागरिकको संकलित निक्षेप रकम माग अनुसार भुक्तानी गर्ने निर्णय गरेको छ ।

### कोभिड १९ सङ्क्रमणबाट बच्ने उपायहरू

पछिल्ला केही दिनदेखि नेपालमा कोरोना सङ्क्रमण फैलिनेक्रम बढ्दो छ। बालबालिका, युवायुवतीदेखि वृद्धवृद्धासम्म सबै उमेर समूहका मानिसहरूमा यो रोगको सङ्क्रमण फैलिरहेको छ। यी अवस्था कायम रहे विस्तारै अस्पतालहरूमा बेडको अभाव भई उपचारसमेत पाउन नसक्ने अवस्था आउन सक्छ। त्यसैले तपशिलका उपायहरू तपाई हामी सबैले अपनाई कोभिड १९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई बचाऔं :

१. अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कौं,
२. घर बाहिर निस्कनै परे अनिवार्य मास्क प्रयोग गरौं,
३. नाक र मुख पूर्ण रुपमा छोपिने गरी मास्कको प्रयोग गरौं,
४. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने, प्रयोग गरी सकेको मास्क जथाभावि नफालौं,
५. एकअर्को व्यक्तिसँग कम्तिमा २ मिटरको भौतिक दुरी कायम राखौं,
६. बेला बेलामा साबुन पानीले मिचीमिची हात धुने वा सेनिटाइजर प्रयोग गरौं,
७. एकअर्कासँग भेट्दा हात मिलाउनुको साटो नमस्कार गरौं,
८. खोक्दा वा हाच्छयौं गर्दा नाक र मुखलाई रुमालले वा कुहिनाले छोऔं,
९. सकभर भिडभाड हुने स्थान, कार्यक्रम वा समारोह आयोजना नगरौं र सहभागी नहोऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## facebook twitter



**यात्री**
twitter.com/db121321
यो धर्तिमा जन्म, मृत्यु, दिन, रात, माया, मोह, आफ्ना, पराइ यी सबै झुट हुन्, सच्चा त केवल आत्मा हो मन हो जो अमर छ, जबसम्म यो संसार रहन्छ, तबसम्म आत्मा रहन्छ र सच्चा नै आत्मा हो मन हो अरू सबै झुट्



**भिम महर**
twitter.com/mahar05555
हाम्रो "जीवन" संघर्ष र चुनौतीहरूले भरिपूर्ण छ । अभिव्यञ्जक रूपमा सत्कर्मद्वारा उपलब्धिहरु, हाम्रो आचरण र अनुभवहरूले यसलाई एक नयाँ रूप दिन्छ, जसलाई हामी अभिव्यञ्जना पनि भन्न् सक्छौं, हाम्रो व्यक्तित्व नै हाम्रो जीवनको वाहन चालक हो !



**सौगात**
twitter.com/yatrisaugat
रोकिनु पर्दैन कसैले आलोचना गर्दैमा याहा, किनकि जतिनै राम्रो गर्नुहोस् कसैको न कसैको ब्याख्यामा तपाईं नराम्रो त भैनी हाल्नु हुन्छ, बस् आफ्नु हृदयमा ईमन्दार भएर रहनु पर्दछ !



**दिपक शर्मा मरासिनी**
twitter.com/maraseni15
सबैको मनमा भाव सहितको प्रतिस्पर्धा छ यहाँ ! जो जे जानेका छन त्यसैमा स्वर्ग ठान्छन र बुझ्ने प्रयास नै गर्दैनन, जो जान्दैनन उ कुनैबेला बुझ्ने र सिक्ने प्रयास नै गर्दैनन् यहाँ ! जो छैन उ प्रती भाव जाग्छ, जो छ उ प्रती सके सांठगांठ वा भनौं प्रतिस्पर्धा वा अनेकन जारी रहन्छ !

# डुम्रे बजार इकाईद्वारा शसस्त्र प्रहरीलाई स्वास्थ सामग्री प्रदान

भञ्ज्याङ समाचारदाता/डुम्रे

तनहुँ उद्योग बाणिज्य संघ डुम्रे बजार ईकाइले शसस्त्र प्रहरीलाई स्वास्थ सामग्री प्रदान गरेको छ । कोरोनाको त्रासका बीच सडकमा खटिनु पर्ने र जोखिम रहन सक्ने भन्दै शसस्त्र प्रहरी बल मनकामना



गणलाई स्वास्थ्य सामग्री प्रलान गरिएको ईकाइ सभापति राजेश श्रेष्ठले बताए । इकाईले ३६ थान फेस सिल्ड, ५ लिटर सेनिटाईजर र मास्क प्रदान गरेको हो । इकाईको सक्रियतामा बजार क्षेत्रमा दिउँसो सुरक्षाका लागि खटिने नेपाल प्रहरी र शसस्त्र प्रहरीलाई खाजा र पानीको समेत ब्यवस्थापन गरिएको तनहुँ उद्योग वाणिज्य संघका महासचिव सुबोध अधिकारीले बताए ।

संघसँग यस किसिमको विषम परिस्थितिमा सहयोग र सहकार्य गरी कार्य गर्न पाएको भन्दै शसस्त्र प्रहरी बल मनकामना गणका गणपति प्रहरी उपरीक्षक संजय भट्टराईले इकाईलाई धन्यवाद व्यक्त गरे ।

उक्त कार्यक्रममा संघका पूर्व सदस्य राजेन्द्र पिया, इकाईका निवर्तमान सभापति नेक महम्मद मिया, ईकाइ उपसभापति हेमलाल भिके, सचिव बुद्ध श्रेष्ठ, डुम्रे साँस्कृतिक परिवारका अध्यक्ष कैलाश श्रेष्ठ लगायतले कोभिड विरूद्धको लडाईमा सबै सकरात्मक सोच उच्च मनोबलका साथ हातेमालो गरी लढ्नुपर्ने बताए । डुम्रे बजार ईकाइले तनहुँ उद्योग बाणिज्य संघले स्थापना गरेको संकट ब्यवस्थापन महाअभियान कोषमा ६० हजार रूपैयाँ बराबरको रकम सहयोग गरेको ईकाइका निवर्तमान सभापति नेक महम्मद मियाले जानकारी गराए ।

**घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं**

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईंको साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४